नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : 6245

मिति २०७७/०१/१६ गते ।

**विषय : CCMC बैठकको निर्णय सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
शान्ती शुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं ।

यस जिल्लामा गठन भएको जिल्लागत **Crisis Management Center** (CCMC) को मिति २०७७/०१/१६ गतेको बैठकले गरेको निर्णय यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

.......................
लिला वल्लभ न्यौपाने
प्रशासकीय अधिकृत

# वैठक संख्याः २१

आज मिति २०७७/०१/१६ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

उपस्थिति :

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री | अधिकृत प्रतिनिधि | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की | आमन्त्रित |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की | आमन्त्रित |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |

# वैठक संख्याः २१

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | १ | ७ | ८ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | २५ | - | - | - |
| | जम्मा | २५६ | १ | ७ | ८ |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७।०१।१६ सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

जिल्ला कास्की ( **Rapid Diagnostic Test** : मिति २०७७।०१।१५ गते सम्मको विवरण)

| क्र.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।१।१६ | | | | २०७७।१।१५ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ७ | ७ | - | - | ६७५ | ६८२ | |
| २ | मादी गा.पा. | ० | ० | - | - | ९ | ९ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ५ | ५ | - | - | ४४ | ४९ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | ९ | ९ | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | १२ | १२ | - | - | १३७ | १४९ | |
| | जम्मा | २४ | २४ | - | - | ८७६ | ९०० | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०१।१६ सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०१।१६ सम्म | १८२ | १८२ | - | - | - |

४. कास्की जिल्लाको शान्ति सुव्यवस्था, जिल्ला प्रशासन कार्यालयबाट भएको दैनिक सेवा प्रवाह, कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि भएका कार्यहरु तथा राहत वितरणका विषयमा छलफल तथा समिक्षा गर्न प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा जिल्लाका प्रमुख राजनैतिक दलहरुका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न समन्वय वैठकबाट प्राप्त निर्णयहरु यस बैठकमा प्रस्तुत भई छलफल भयो ।यसरी प्राप्त निर्णय र सुझावहरु कार्यान्वयन गर्ने स्थानीय तह लगायत अन्य सरोकारवाला निकायहरुलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

# बैठक संख्याः २१

५. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०१।१६ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य |
| १. | पोखरा म.न.पा. | ३०७५५ | ५१९९०१ | ४१५९२ | ३०७५५ | २०८०२ | - | २०८०२ | - |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा<br>मसला १ पोका<br>बेसार १ पोका |
| ४. | मादी गा.पा. | १६२७ | ४०६७५ | १६२७ | १६२७ | - | १६२७ | - | - |
| ५. | रुपा गा.पा. | ४१० | ७४२५ | ६१५ | ४३२ | ३५५ | - | - | - |
| जम्मा | | ३३४७७ | ५८५४६१ | ४५१६४ | ३३४९९ | २१८४२ | १६२७ | २०८०२ | - |

६. मिति २०७७/०१/१५ मा प्राप्त सोही मितिको गण्डकी प्रदेश स्तरीय **CCMC** को पत्र बैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गरिएको लकडाउन अवधिमा अत्यावश्यक उद्योगको सञ्चालन, विकास निर्माण र कृषि उत्पादन कार्यलाई सुचारु गर्न तयार गरिएको मापदण्ड निर्माण व्यवसायी एवम् उद्योग व्यवसायीहरुलाई कार्यान्वियन गर्न लगाई क्रमशः कास्की जिल्ला भित्रका उद्योग व्यवसाय सञ्चालनका लागि समन्वय गर्ने ।

ख. कास्की जिल्ला भित्रका कृषकहरुलाई खेतीवाली लगाउन आवश्यक पर्ने मल, बिउ, विषादी, औजार, उपकरण लगायतका सामाग्री खरिद एवम् ढुवानीको लागि पसल खोल्न र सवारी साधन सञ्चालनको व्यवस्थालाई सुचारु गर्न जिल्ला प्रहरी कार्यालय कास्कीले उपयुक्त कार्यतालिका निर्माण गरी पेश गर्ने ।यसरी पेश भएको कार्यतालिका बमोजिम उल्लेखित उद्योग व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग. कास्की जिल्ला भित्र निर्माण सामाग्री तथा हार्डवेयर सामाग्री, बिजुलीका सामान विक्री गर्ने होलसेल पसल तथा वर्कशपहरु, मेकानिकल उपकरणहरुको मर्मत गर्ने वर्कशपहरु, उद्योगका कच्चा पदार्थ, खाद्य सामग्री प्याकिङ तथा र्‍यापिङ सम्बन्धी आवश्यक सामाग्री तथा तयारी बस्तुहरु ओसारपोसार गर्न आवश्यकता अनुसार स्थानीय तहसँग समन्वय गरी लोड, अनलोड र ढुवानीको समय र स्थान उल्लेख भएको उपयुक्त कार्यतालिका जिल्ला प्रहरी कार्यालय कास्कीले निर्माण गरी पेश गर्ने ।यसरी पेश भएको कार्यतालिका बमोजिम उल्लेखित व्यवसाय सञ्चालनका लागि आवश्यक सवारीसाधन सञ्चालनको व्यवस्था मिलाउने । कास्की जिल्ला वाहिरिने गरी उल्लेखित व्यवसायमा संलग्न हुने सवारी साधनहरुले गर्ने ढुवानीलाई सहजिकरण गर्न गन्तव्य स्थल सम्म पुग्ने समय र स्थान तोकि सवारी पास उपलब्ध गराउने ।

घ. निर्माण व्यवसायी वा उद्योग व्यवसायीहरुले उल्लेखित निर्णय संख्या ६ (क) बमोजिमका व्यवस्थाहरु पालना गरे नगरेको विषयमा अनुगमन गर्ने ।

ङ. कास्की जिल्ला भित्र सञ्चालनमा रहेका क्वारेन्टाइन र आइसोलेसन कक्षहरुको अनुगमन गरी राष्ट्रिय मापदण्ड अनुसार बनाउन निर्देशन दिने ।

७. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।